स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



भारतमा आयोजना भैरहेको विश्व सुन्दरी प्रतियोगिता मिस वर्ल्डलाई लिएर खुशिको खबर छ । नेपालकी प्रियंकारानी जोशी मिस वर्ल्डको उत्कृष्ट २५ मा प्रवेश गरेकी छन् । ब्युटी विथ पर्पस विधामा प्रस्तुत गरेको स्पिच र सन् २०२३ मा राष्ट्रसंघीय दिगो विकास लक्ष्यको विषयमा बनाएको भिडियोका आधारमा अन्तिम २५ का प्रतिस्पर्धी छनोट गारिएको हो । कूल ११७ प्रतिस्पर्धीबाट २५ जना छनोट भएका हुन् । अब यी फाइनलिस्टले 'हेड टु हेड च्यालेन्ज'मा प्रतिस्पर्धा गर्नेछन् ।

**आजको विचार...**



स्वयम्भुनाथ कार्की

विकास...
(दुई पेजमा)



कृषा चौलागाईंले निर्देशन गर्ने एक्सन फिल्म 'पितावम्बर'को छायांकन शुक्रबार देखि नवलपरासीको त्रिवेणीधाममा सुरु भएको छ । त्यसपछि बुटवल र नेपालगञ्जमा छायांकन हुने निर्मात्री समेत रहेकी चौलागाईंले बताइन् ।

❒ वर्ष २९ ❒ अंक २०७ ❒ २०८० फागुन १२ गते शनिबार 24 February 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## खोलामा डुवेर १७ वर्षीय किशोरको मृत्यु



**पाल्पा,** फागुन ११/खोलामा डुवेर १७ वर्षीय किशोरको मृत्यु भएको छ । रुपन्देहीको देवदह नगरपालिका-१० चरङगेस्थित त्रिशुली खोलामा डुवेर रैनादेवी छहरा गाउँपालिका-५ घर भएका १७ वर्षीय सिलज रायमाझीको मृत्यु भएको हो ।

तिलोत्तमा नगरपालिका-४ सुनौलोनगरमा बस्दै आएका रायमाझी बिहीबार साथीहरुसँग खोलामा पौडी खेल्न गएका थिए । पौडी खेल्ने क्रममा उनी अकास्मात डुवेर अशक्त भएका थिए । अशक्त उनलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पुऱ्याइएकोमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीले मृतकसँगै पौडी खेल्न गएका ५ जनालाई सोधपुछका लागि नियन्त्रणमा लिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## जिप दुर्घटनाका मृतकका परिवारको अवस्था बुझ्न

# शोकाकुल गाउँमा काँग्रेस

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ११/फागुन १ गते तिनाउ गाउँपालिका-६, मस्यामको चिदिसमा भएको जिप दुर्घटनामा १० जनाको ज्यान गएको घटनाले अझै पनि तिनाउ-६ चिदिस र सिखरडाँडा शोकाकुल अवस्थामै छ । चिदिस र सिखरडाँडा वल्लोपल्लो टोल हो । यही गाउँका मात्रै चार जनाको दुर्घटनामा परी ज्यान गएको छ । जसले यहाँको गाउँ शोकमा छ ।

शोकाकुल अवस्थामा रहेका मृतका परिवारको अवस्था बुझ्न शुक्रबार नेपाली काँग्रेस पाल्पाको एक टोली उक्त गाउँमा पुगेको छ । मृत्यु भएका आफन्तको सम्झनामा शोकमग्न भएका परिवारलाई सान्त्वना दिन र उनीहरुको अवस्था बुझ्न काँग्रेस नेतासहित जनप्रतिनिधिहरु त्यहाँ पुगेका हुन् । नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, लुम्बिनी प्रदेशका सांसद तथा काँग्रेस पाल्पाका निवर्तमान सभापति वीरबहादुर राना, काँग्रेस लुम्बिनी प्रदेश सदस्य अधिवक्ता महेन्द्र पाण्डे, पार्टी प्रवक्ता शोभाखर न्यौपाने, काँग्रेस पाल्पाका सल्लाहकार जुद्धबहादुर थापा, तिनाउ गाउँपालिकाका उपाध्यक्ष तथा काँग्रेस नेता लालबहादुर थापा, काँग्रेस तिनाउ गाउँपालिकाका सभापति प्रेम पाण्डे, प्रदेश समिति सदस्य दमबहादुर कार्की, काँग्रेस तिनाउ-२ का







वडा सभापति निर्मल बस्याल, तिनाउ -६ का वडा अध्यक्ष एवं काँग्रेसका वडा सभापति, टोमबहादुर पुन, तरुण दलका जिल्ला सदस्य शिव पाण्डे लगायतका नेताहरु शोकाकुल परिवारमा पुगेर सान्त्वना दिनुको साथै अवस्था बारे जानकारी लिएका छन् । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले दुखमा नआत्तिन मृतका परिवारलाई सान्त्वना दिए । उनले मृतकप्रति श्रद्धाञ्जली र परिवाजनमा समवेदन व्यक्त गर्दै दुखको घडीमा धैर्य रहन परिवाजनलाई आग्रह गरेका छन् । सभापति श्रेष्ठले कुनै गाह्रो अफठ्यारो परेमा पाल्पा काँग्रेस साथमा रहेको समेत बताए । सभापति श्रेष्ठले भने 'काँग्रेस मिसन ८४ मात्र लिएर हिड्ने पार्टी होइन्, गरिब जनताको लागि सधैं मिसन बनाएर हिड्छ ।' उनले घरमा दुख र पीडा पर्दा समेत काँग्रेसलाई सम्झिन सबैलाई आग्रह गरे । दुर्घटनास्थलको अवलोकन समेत गरेका सभापति श्रेष्ठ साँघुरो बाटो र गाडीको कन्डिसनका कारण जिप दुर्घटना भएको समेत बताए । लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले जिप दुर्घटनामा परी मृत्यु हुनेहरुप्रति दुख व्यक्त गर्दै परिवारजनमा नआत्तिन आग्रह गरे । उनले जन्मपछि मृत्यु अवश्यभावी रहे पनि विपद्को घटनाले सिंगो काँग्रेस दुखी भएको बताए । सांसद रानाले मृतकका परिवारका लागि केही आवश्यक परे सहयोगका लागि तीनै तहका सरकारसँग आफुले पहल गर्ने पनि बताए । दुर्घटना भएको खबर पाउन साथ घाइतेहरुको अवस्था बुझ्न अस्पताल समेत पुगेका सांसद रानाले घाइतेहरुको उपचारमा कुनै पनि कमी हुन नदिन र आवश्यक सहयोगका लागि पहल गरेका थिए । सिद्धार्थ राजमार्गको डुम्रेबाट चिदिस जाँदै गरेको लु १ ज २३७१ नम्बरको जिप चिदिसमा दुर्घटना हुँदा ८ जनाको घटनास्थलमा र २ जनाको उपचारका लागि अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु भएको थियो । दुर्घटनामा १८ जना घाइते भएका थिए । अहिले काँग्रेस पाल्पा जनताको सुखदु:खमा सारथी बन्ने गरेको छ । आपत विपदमा काँग्रेस गाउँ गएन भने कहिले काँग्रेस आउँछ र सबैको मुहार हंसिलो हुन्छ भन्ने वातावरण अहिले सिर्जना भएको छ । काँग्रेसले पहिरो, आगालागी जस्ता विपद्बाट प्रभावित जनताको घरमै पुगेर समेत दुखमा साथ दिने गरेको छ । उसले दुखमा सहानुभूतिसँगै सक्दो सहयोग समेत गर्दै आएको छ ।

**कर्मचारी आवश्यकता**

**नवजनचेतना दैनिक**का लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**पद : बजार व्यवस्थापक**

**संख्या :** केही

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८०/११/१६ गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

***(नोट : मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र** अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**कैलाशनगर मिडिया प्रा.लि.**

**(नवजनचेतना दैनिक)**


भगवतीटोल, तानसेन, पाल्पा

E-mail : njdnews@gmail.com

## तानसेनमा विद्युत आपूर्ति सहज बनाइदिन खानेपानी समितिको आग्रह

**पाल्पा,** फागुन ११/तानसेन खानेपानी उपभोक्ता समितिले विद्युत आपूर्ति सहज बनाइदिन विद्युत प्राधिकरण वितरण केन्द्र पाल्पा शाखालाई आग्रह गरेको छ । शुक्रबार समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठको नेतृत्वमा गएको टोलीले कार्यालय प्रमुख इन्जिनियर दिलिप मरासेनीलाई भेटेर तानसेनको विद्युत आपूर्ति सहज बनाइदिन आग्रह गरेको हो ।

नियमित विद्युत आपूर्ति नहुँदा तानसेनको खानेपानी आपूर्तिमा समस्या उत्पन्न भएको भन्दै समितिले विद्युत आपूर्ति सहज बनाइदिन विद्युत प्राधिकरणलाई भनेको छ । समितिका अध्यक्ष श्रेष्ठले केन्द्रका प्रमुख मरासेनीलाई जानकारी पत्र बुझाउँदै विद्युत आपूर्ति सहज बनाइदिन आग्रह गरे । उनले भने 'समिति मातहत सञ्चालित खानेपानी योजनाका सिस्ने, भुल्के पम्प स्टेसन, कालीगण्डकी र तिनधारा लिफटिङ्ग प्रणालीमा आधारित रहेकाले विद्युत बन्द वा भोल्टेज कम हुँदा पानी वितरण गर्न सकिदैनन्, जसका कारण



तानसेनवासी नियमित खानेपानीबाट बञ्चित हुनु परेको छ । विद्युत सहज भए मात्र पानी वितरण पनि सहज हुने भएकाले यसतर्फ प्राधिकरणको ध्यान जाओस् ।' अध्यक्ष श्रेष्ठले प्राधिकरणले तानसेन-कालीगण्डकी खण्डको विद्युत महशुलमा सहुलियत गराउन सहयोग गरेकोमा धन्यवाद दिर्दै नियमित विद्युत आपूर्तिमा समेत सहयोग हुनेमा विश्वास व्यक्त गरे । बिहीबारदेखि विद्युत आपूर्तिमा देखिएको समस्याका कारण पानी वितरणमा समेत समस्या आएको उनले जानकारी गराए । वितरण पाल्पा शाखाका प्रमुख मरासेनीले खानेपानी मानिसको मौलिक अधिकारका रुपमा रहेकाले आफुहरु यस क्षेत्रमा बढी संवेदनशील रहेको बताए । उनले पाल्पाको मुख्य समस्या भोल्टेजको रहेको र बुटवलबाट ३३ केभी लाईन ४५ किलोमिटर दुरीमा वितरण हुँदै आएकोमा विविध कारणले लाईन डाइरेक दिन नसकिएकोमा केही समस्या भएको बताए । प्रमुख मरासेनीले भने 'हामीहरु यी समस्या समाधानमा लागि परेका छौं, कहिले काही बुटवलबाटै आपूर्तिमा समस्या हुँदा यहाँ केही समस्या भएको हुन सक्छ तर त्यसलाई समितिले प्राधिकरणको कमजोरीका रुपमा नलिइ प्राविधिक समस्याका रुपमा हेरिदिन आग्रह गर्दछु ।' उनले तानसेनको विद्युत आपुर्ति सहज बनाउने विषयमा आफु र आफ्नो टिम सधै प्रतिवद्ध भएर लागेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्वस्थानीको सन्देश

**एक महिनादेखि सञ्चालनमा आएको श्रीस्वस्थानी व्रत कथा आजदेखि समाप्त हुँदैछ । यस समयमा श्रद्धालु भक्तजन एक छाक शुद्ध अन्न खाई प्रत्येक दिन बिहान, मध्यान्न र साँझ बडो श्रद्धा र भक्तिपूर्वक शिवपार्वतीको पूजा गरेर श्रीस्वस्थानी व्रत माहात्म्य श्रवण गरेका थिए । हरेक वर्ष यसै समय अर्थात् पौषशुक्ल पूर्णिमादेखि प्रारम्भ भई माघ शुक्लपूर्णिमासम्म हिन्दू धर्मावलम्बीले चोखो बसी घर–घरमा स्वस्थानीको पूजा आराधना गर्नुका साथै कथा सुन्ने र सुनाउने चलन छ । सत्ययुगमा हिमालयकी पुत्री पार्वतीले महादेव पति पाउन स्वस्थानीको कठोर व्रत बसेको र मनोकाक्षा पूरा भएको विश्वासमा स्वस्थानीको व्रतकथा प्रचलनमा आएको पाइन्छ । आजबाट श्री स्वस्थानी परमेश्वरीको पुस्तकलाई वर्ष दिनका लागि बिसर्जन गरिन्छ । आम नेपाली महिलाहरुले लिने व्रत भन्दा पनि अलि कठिन व्रतको रुपमा यसलाई लिने गरिन्छ । थुप्रै धार्मिक र सामाजिक महत्व बोकेको यस स्वस्थानीको व्रत सत्य युगमा हिमालयकी छोरी पार्वतीले महादेव पति पाउँ भनि व्रत बसेको र व्रत पश्चात् आफ्नो मनोकामना पूरा भएको जन विश्वास पाइन्छ । साथै अर्को सामाजिक पाटोलाई हेर्ने हो भने गोमा ब्राह्मणीको कथाले प्राचिन समयमा पनि बालबालिकाहरुका नराम्रा असरहरु प्रस्तुत गर्दै बालबालिका बारे जनचेतना फैलाएको छ । संसारको श्रृष्टी अनि शिव पार्वती सम्बन्धका कुराहरु मार्फत धेरै ठाउँमा नारी पुरुष बीचको लैङ्गिक समानताको वकालत पनि यसले गरेको छ ।**

**स्वस्थानीको व्रतकथाको प्रभावले यस लोकमा र स्वर्गलोकमा पूज्य स्थान प्राप्त गर्न सकिन्छ । त्यसैले स्वस्थानी कथाजस्ता आफ्ना धार्मिक कृत्य गर्न छोड्न हुन्न भन्ने सन्देश यसले प्रवाह गरेको समेत पाइन्छ । समग्रमा भन्नुपर्दा, नेपाली समाजमा स्वस्थानीको महिमा ठूलो र महत्वपूर्ण छ । यसमा प्रेमको सन्देश सतीदेवीलाई महादेवले कैलाश र आफ्नो ज्योति स्वरूपको दर्शन दिएपश्चात् यी दुई पतिपत्नी बीच सुमधुर सम्बन्ध रहेको स्वस्थानीमा देखाइएको छ । सतीदेवीले आफ्ना पतिले खाने भाँड, धतुरोको हिफाजातसँग राखिदिने र भोजन पतिले नखाएसम्म आफूले पनि नखाने जस्ता कार्यबाट पतिप्रेम दर्शाउँछ । देहत्याग गरेकी सतीदेवीलाई समेत बोकेर विक्षिप्त भई हिँड्नु सतीदेवीको सम्पूर्ण अंगपतन भइसक्दा पनि चाल नपाउनु महादेवको पत्नीप्रतिको प्रेम देखिन्छ । यसर्थ पनि स्वस्थानी कथालाई नेपाली समाजमा रहेका विकृत तथा विसंगतिलाई हटाई स्वस्थ समाज निर्माण गर्ने सन्देशको रूपमा लिन सकिन्छ ।**

## Opinion @ Social Network

मन्दिर जस्तो मन अचेल चिहान जस्तो लाग्छ
घाम झुल्किन बिर्सिएको बिहान जस्तो लाग्छ ।
*(श्रृष्टी घर्तीको फेसबुक स्टाटस https://www.facebook.com/Shristhi.gharti)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विकास र प्रगति तुलनाको प्रयन्त



**स्वयम्भुनाथ कार्की**

***विकासको नाममा कुनै योजनाको कुरा हुने बित्तिकै एकथरी नागरिक त्यसमा आफ्नो भविष्यको लाभ देख्न पुग्छन् । अनि त्यसका निमित्त वातावरण बनाउन जोड लगाउने गर्दछन् । तथ्यांकको उपयोग अझ भन्ने हो भने दुरूपयोग गरेर सर्वसाधारणलाई सपनाको लोकमा पुर्‍याउने गरिन्छ । यस्तो काममा नाम चलेका सर्वसाधारणले पत्याएका विज्ञ मानिएका नै लागेका हुन्छन् । जब त्यो परियोजनाले देखाएको सपनाको रत्तिभर पनि मिल्ने कुरा हुँदैन अनि आरम्भ हुन्छ परस्पर दोषारोपणको । यस्ता परियोजनाहरूमा राजस्वको खर्च, वैदेशिक ऋण वा अनुदान जस्ता स्रोतबाट भएको खर्चको जिम्मेवारी को हो ? किन कसैले जिम्मेवारी नलिने ? किन यो भ्रम सिर्जना गरेर थोपरिएको प्रगतिका हिस्सेदारले उचित सजाय नपाउने ? यस्ता प्रश्नको उत्तर गौण हुनु नै विकासको नाममा जथाभावी गरिने निर्माणका निरन्तरता हुन् ।***

सुन्दामा अलि अनौठो लाग्ने तर अब नगरी नहुने चर्चा हो विकास र प्रगतिबीचको भिन्नताको चर्चा । एकअर्काका पर्याय लाग्नेजस्ता शब्द भए पनि यी दुवै सम्पूर्ण रूपमा समानार्थी भने होइनन् । यही विकास र प्रगतिलाई एकै मानेर राज्यद्वारा गरिएका कामले अनि त्यसमा गरिएका खर्चले अपेक्षाकृत सफल नतिजा दिन सकेका छैनन् । ज्यादाजसो प्रगति नापजोख गर्न मिल्ने हुन्छ, तुलना गर्न मिल्ने हुन्छ अनि तथ्यांकका आधारमा विवेचन गर्न सकिने हुन्छ । अर्थशास्त्रीहरू, योजनाविदहरू, राजनीतिक कार्यकर्ता सबैले यस्ता नाप्न जोख्न सकिने तथ्यांकका आधारमै मूल्यांकन गर्ने गर्दछन् । विकासमा भने मानवीय भावना, मानवीय भोगाइ, मानवीय अनुभव आदिले निर्क्यौल गरेको वृद्धि, प्रगति आदिको प्रभाव प्रधान हुन्छ । यसका धेरैजसो अझ भनौं प्रमुख तत्व तथ्यांकले प्रतिनिधित्व गर्दैन । मित्रराष्ट्र भुटान आफ्नो मुलुकलाई खुशीको मात्रामा विकासको मात्रा नाप्ने सम्भवत पहिलो मुलुक हो । जनताको खुशी उनीहरूको आर्थिक सम्पन्नतामा निर्भर गर्दैन भन्ने भुटानको सोच कति ठीक वा बेठीक हो त्यसमा थप अनुसन्धान, विवेचन, खोज आदि हुँदै जालान् । भनिन्छ राजा महेन्द्र र नेता बीपीको बीचको सैद्धान्तिक भिन्नतामा एक राजनीति बिना विकास हुनसक्छ र राजनीति बिना विकास हुन सक्दैन भन्ने नै थियो रे । यो कुरा त्यसबेलाका पुराना राजनीतिक कार्यकर्ताको मुखबाट सुनिएको भनेर भन्नेबाट सुनिएकाले अरे भनेर भनियो । जब राजा वीरेन्द्रले 'विकासको निमित्त राजनीति' भन्ने नारा दिए त्यसले राजा महेन्द्रको यो सोचको खण्डन गर्‍यो ।

थपमा चर्चा विवेचन अनि मूल्यांकन हुने बाटो तत्कालीन समयको निमित्त बन्द नै भयो । हुनसक्छ भुटानको जनताको खुशी आर्थिक सम्पन्नतामा निर्भर गर्दैन भन्ने सोच पनि राज्य उत्तराधिकरीले यसै गरेर खण्डन गर्न सक्छन् तर भविष्यमा यी दुवै धारणाहरूको विषयमा ऐतिहासिक, प्राज्ञिक अध्ययन अनुसन्धान हुने बाटो भने खुला छ । सन् २०१२ मा संयुक्त राष्ट्रसंघका तात्कालीन महासचिव वान कि मुनले एसडिएसएन अर्थात् दिगो विकासको समाधान सञ्जाल अर्थात् सस्टेनेबल डेभलपमेन्ट सलुसन नेटवर्क थालनी गरे । यसको उद्देश्य दिगो विकास लक्ष लागू गर्ने क्रममा आइपर्ने समस्या समाधानको निमित्त वैश्विक वैज्ञानिक तथा प्राविधिक दक्षता परिचालन गर्नु रहेको छ । यसले प्रकाशित गरेको प्रतिवेदनमा खुशीको सूचचांक नाप्ने ६ कुरा मानेको छ । १. कूल गार्हस्थ उत्पादन, २. जीवनको आशा ३. उदारता ४. सामाजिक भरोसा ५. स्वतन्त्रता ६. भ्रष्टाचार । यी तत्वहरूले सही अर्थमा व्यक्तिको खुशी नाप्न सक्लान् वा नसक्लान् त्यो अहिलेलाई विवेचनको विषय होइन । यसै पनि तथ्यांक, घटनाको गणना अदिको आधारमा कूल गार्हस्थ उत्पादन र भ्रष्टाचार नाप्न सकिन्छ । बाँकी चार तत्व भने नाप्न फेरि अरू कुनै कुराको प्रभावको त्यसमा पर्ने अनुमानले गर्ने कुरा हो । जीवनको आशा अर्थात् बाच्ने आशा धेरै मात्रामा प्राप्त हुने स्वास्थ सेवामा निर्भर गर्दछ तर यो नै शतप्रतिशत भने होइन । उदारता, सामाजिक भरोसा तथा स्वतन्त्रता भने फरकफरक व्यक्तिको उही परिस्थितिमा पनि फरक फरक हुन सक्छन् । अर्थात् यी कुराहरू निरपेक्ष मापन हुने कुरा होइनन् सापेक्षतामा अनुभूति हुने कुरा हुन् । विकासको सम्बन्ध त्यसो उपभोक्तासँग प्रत्यक्ष रहेको हुन्छ । भएको र भनिएको प्रगतिसँग त्यसका उपभोक्ता कत्तिको जोडिएका छन् ? कत्तिको आत्मसात गरेका छन् ? जस्ता कुराले ती कुराहरू विकास हुन् कि मात्र प्रगति हुन् भन्ने कुरा निर्क्यौल हुन्छ ।

नागरिकको आवश्यकता, नागरिकको माग आदिसँग असम्बन्धित कुरा प्रगतिलाई विकास मान्न सकिँदैन र मानिनु पनि हुँदैन । त्यसका उपभोक्ता नागरिकसँग सर्वथा अपरिचित निर्माण कुनै अर्थमा विकास मान्न सकिने कुरा होइनन् । विशेष गरेर त्यस्ता परियोजना, निर्माणमा नागरिकको गोजीबाट खर्च व्यहोरिएको हुन्छ । यहाँ नागरिकको गोजी भन्नाले उनीहरूबाट संकलित राजस्वमात्र भनिएको होइन । कुनै पनि मुलुकले प्राप्त गर्ने वा गर्नसक्ने ऋण सापटीहरू राज्यले नागरिकहरूबाट संकलित राजस्वले नै तिर्नुपर्ने हुन्छ । अर्थात् यस्ता कुराहरू नागरिकलाई तुरुन्तै वा कालान्तरमा आर्थिक बोझ थप्ने हुन्छ । त्यस्तै चन्दा संकलनले गरिएका काम नागरिककै कमाइका प्रतिफल हुन् तर चन्दामा खर्च व्यहोर्ने नागरिकहरूको इच्छा पनि जोडिएको हुन्छ । तर, चन्दा भने स्वेच्छिक हुनुपर्दछ विद्रोहकालको जस्तै अनिवार्य स्वेच्छिक भने असम्बन्धित आर्थिक बोझ नै हुन् । विकासको नाममा कुनै योजनाको कुरा हुने बित्तिकै एकथरी नागरिक त्यसमा आफ्नो भविष्यको लाभ देख्न पुग्छन् । अनि त्यसका निमित्त वातावरण बनाउन जोड लगाउने गर्दछन् । तथ्यांकको उपयोग अझ भन्ने हो भने दुरूपयोग गरेर सर्वसाधारणलाई सपनाको लोकमा पुर्‍याउने गरिन्छ । यस्तो काममा नाम चलेका सर्वसाधारणले पत्याएका विज्ञ मानिएका नै लागेका हुन्छन् । जब त्यो परियोजनाले देखाएको सपनाको रत्तिभर पनि मिल्ने कुरा हुँदैन अनि आरम्भ हुन्छ परस्पर दोषारोपणको । यस्ता परियोजनाहरूमा राजस्वको खर्च, वैदेशिक ऋण वा अनुदान जस्ता स्रोतबाट भएको खर्चको जिम्मेवारी को हो ? किन कसैले जिम्मेवारी नलिने ? किन यो भ्रम सिर्जना गरेर थोपरिएको प्रगतिका हिस्सेदारले उचित सजाय नपाउने ? यस्ता प्रश्नको उत्तर गौण हुनु नै विकासको नाममा जथाभावी गरिने निर्माणका निरन्तरता हुन् । निश्चय नै हिजोको जीर्ण भवनको स्थानमा वर्तमानमा ठडिएको अत्याधुनिक भवन प्रगति हो तर के त्यो आवश्यक थियो त ? त्यसले जनजीवनमा कस्तो परिवर्तन ल्यायो अनि त्यो परिवर्तनले जनता कति सुखी भए ? यसको उत्तरमै विकास र प्रगतिको भेद उजागर हुन्छ ।

राज्यको ढुकुटी, राज्यको शक्तिमा पुगेकाहरूले त्यो ढुकुटी, शक्ति आदिको सही प्रयोग गरेका छन् कि छैनन् भन्ने प्रश्न नै आवश्यक छैन । अनेकौं काण्ड र त्यसका समाचारले भरिपूर्ण सबै सञ्चारमाध्यमहरूले प्रष्ट गरिरहेका छन् । बजेट लगातार घाटामा चलेको छ । वास्तविक राष्ट्रिय उत्पादन निरन्तर घटेको छ । सेवा व्यवसाय जस्ताका उत्पादनहरू प्राथमिक उत्पादन होइनन् । पर्यटन, वैदेशिक रोजगारी, जलस्रोतको निकासी वर्तमानमा सबै योजनाविज्ञको, राजनीतिकर्मीहरूको निमित्त मुलुकमा व्याप्त हुँदै गएको आर्थिक संकटको उपाय भएको छ । विगतका वर्षमा विकासका नाममा भएका प्रगतिले मुलुकको उत्पादनमा कति सकारात्मक प्रभाव पारेको छ भन्ने कुराको मूल्यांकन हुनुपर्ने आवश्यकता टड्कारो देखिँदैछ । पर्यटक आवागमन चाहे त्यो आन्तरिक होस् वा बाफय त्यसको प्रभाव अर्थतन्त्रमा कत्तिको सकारात्मक परेको छ भन्ने मूल्यांकन अब पनि नगरे कहिले गर्ने ? विकास र प्रगति समानार्थी होइनन् विकास जनजीवनसँग जोडिएको हुन्छ प्रगति भौतिक नापजोखमा देखिन्छ जनजीवनसँग खासै सरोकार राख्दैन भन्ने बोध हुन आवश्यक भइसकेको छ । नेपालीमा उखान छ 'नपाउनेले केरा पायो, बोक्रैसँग खायो' भन्ने । यो विगतमा प्रसस्त चरितार्थ भएको छ र यो क्रम रोकिने छाँटकाँट पनि छैन । सनकको भरमा वा आफ्नो नाम प्रचार गर्ने मनसाय जस्तो लाग्ने कामहरू हुने गरेका छन् । जो कोषको सही प्रयोगले मुलुकको आर्थिक अवस्था सुधारनोन्मुख हुने काम गर्न सकिने थियो त्यसको उपयोगले आर्थिक अवस्था झन् ओह्रालो लाग्ने काम हुनुभनेको नै नपाउनेले पाएको केरा हो ।

यो संविधान अन्तर्गतका पहिलो निर्वाचनले निर्माण गरेको संरचनाले मुलुकभरि भ्युटावरहरूको होड चलायो । होम स्टेलगायत पर्यटन प्रवर्द्धनमा लाग्न व्यवसायीलाई प्रेरित गर्‍यो । प्रगतिको कसीमा यो युगान्तकारी परिवर्तन थियो तर के यसले सर्वसाधारणको जनजीवनमा सकारात्मता ल्यायो त ? अनेकौं शिक्षण संस्था, प्रशिक्षण संस्था खुले । ती सबै विदेशको निमित्त योग्य कामदार वा विशेषज्ञ तयार गर्ने लक्षसाथ थिए । निश्चय नै यो ठूलो प्रगति थियो । नेपाललाई शिक्षाको हब बनाउने सपना पनि देख्न थालिएको थियो । यो प्रगति नै हो । तर, यो विकास थिएन खोक्रो प्रगति थियो । परिणाम वर्तमानमा नेपाल विदेशी विद्यार्थी आकर्षित गरेर शिक्षाको केन्द्र बन्ने भन्ने कुराभन्दा नेपाली विद्यार्थी नै रोक्ने कुरा प्रमुख हुन पुग्यो । नागरिकहरू हमेशा सुन्दर भविष्य र भविष्यको सुनिश्चितता खोज्छन् । यस्तो बेलामा उनीहरूको निमित्त मुलुकको सीमा गौण हुन्छ । जसरी अग्लो स्थानबाट पानीको बहाव होचो स्थानतर्फ हुन्छ त्यसै गरेर मानवको बहाव ज्यादा अवसरतर्फ हुन्छ । यदि मुलुकमा विदेशिने प्रवृत्ति मौलाउँदै गएको छ भने त्यो मुलुकले अवसर प्रदान गर्न नसकेको कारणले नै हो । प्रगतिले यो अवसर पैदा गर्न खासै सहायकको काम गर्दैन तर विकासले भने यो अवसर पैदा गर्दछ । आन्दधुन्द देखासिकीमा अरूले हात्ती चढे भनेर धुरी चढ्न गरिएका कामलाई विकास भन्न मिल्दैन प्रगति भने निश्चय नै हो । पोखरा र भैरहवा विमानस्थल यस्तै प्रगति हुन जसले जनताको आर्थिक उन्नति गर्नुको साटो आर्थिक बोझ बढाएका छन् । त्यसैले जनतासँग प्रत्यक्ष नजोडिएको र सकारात्मक परिणाम नदिने कुनै पनि प्रगति विकास होइनन् ।

***-इहिमालय टाइस डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : तपाईको सामान हराउन सक्छ । कमजोर भएको अनुभूति हुनेछ । |
| **वृष** : मनोरञ्जनपूर्ण समय छ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । | **वृश्चिक** : उपलब्धि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ । |
| **मिथुन** : महत्वपूर्ण कार्यको थालनी हुनेछ। वैदेशिक क्षेत्रका कार्य अघि बढ्नेछ । | **धनु** : तनाव बढेको महसुस हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **कर्कट** : कारोबारबाट राम्रो फाइदा हुनेछ । कार्यमा सफलता मिल्नेछ । | **मकर** : यात्रा गर्ने अवसर प्राप्त हुनेछ । नयाँ आशा पलाउनेछ । |
| **सिंह** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । | **कुम्भ** :अवसरले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । |
| **कन्या** : लामो समयदेखि रोकिएका अधुरा कामहरू पनि पुरा हुनेछन् । | **मीन** : तर्क र विवादमा राम्रो सफलता मिल्नेछ । काम सम्पादन होला । |

# साहित्य दर्पण

कथा — डा. गोबिन्दसिंह रावत

## स्टेट्सका लागि

रमलाले फोन गरेर मिल्छ भने अहिल्यै नै घर आउनु पावनालाई लिन जानु पर्ने भयो भनेपछि मैले हुन्छ भनेर अफिसमा घरायसी कारण बताएर बिदा लिएँ । पार्किङ्ग लटमा आएर फेरी रमलालाई फोन गरेर म आफै गएर पावना र भावना दुवैलाई लिएर आउँछु नि भन्दा रमला मानिनन् । घर आउनु अनि सँगै जानु पर्छ । पावना मात्रै छोरी लिएर आउने हो भनेपछि मैले हुन्छ भनेर फोन राखिदिएँ । लगभग तीस वर्षकी भावना चार महिनाअघि कुनै सम्मेलनमा भाग लिन अमेरिकाको एरोजोना आएपछि अहिले दिदी भिनाजु पावना र प्रद्युम्नसँग यहीँ नै बस्दै आएकी छिन् । प्रद्युम्न र पावनासँग हाम्रो राम्रो सम्बन्ध थियो । पावनाप्रति प्रद्युम्नको माया अगाढ रहेको देखेर रमलाले कहिले काहीँ मलाई समेत 'देख्यो प्रद्युम्नजी पावनालाई कति माया गर्नु हुन्छ' भनेर उदाहरण दिने गर्थिन् । पावना र रमला पोखरामा स्कुलदेखिको साथी अनि काठमाडौं आएर दुवैले सँगै मेनेजमेन्ट पढेका थिए । बैंकको जागिर खादै गर्दा रमला अमेरिकामा एउटा ट्रेनिङ्गमा भाग लिन आएपछि यहीँ कै भइन् र दुई वर्षपछि म पनि थपिएँ । पावनाको हकमा भने उनका श्रीमान प्रद्युम्न यहाँ आएका थिए । अनि यहाँ आएर स्थापित भएपछि पावनालाई बोलाएका थिए । शिकागोबाट चार वर्षअघि यहीँ सरेपछि रमला र पावनाका कारण हामीहरुका बीच आवत जावतले निरन्तरता पाउँदै जान थाल्यो । अझ भनौं एउटा पारीवारिक सम्बन्ध जस्तै भएको थियो । चार महिनाअघि अमेरिका आएकी भावनालाई पनि अमेरिका बस्ने विचार भएकोले यहाँको स्टेटस पाउने उपायहरु खोजिरहेको बारे मलाई पनि भनेकी थिइन् । भावना चिटिक्क परेकी राम्री थिइन् । राम्रीभन्दा पनि एकदम फिट भएर बस्ने भएकोले उनको सौन्दर्यता देखेर आकर्षित नहुने पुरुष विरलै होलान् ।

*पावनाप्रति प्रद्युम्नको माया अगाढ रहेको देखेर रमलाले कहिले काहीँ मलाई समेत 'देख्यो प्रद्युम्नजी पावनालाई कति माया गर्नु हुन्छ' भनेर उदाहरण दिने गर्थिन् । पावना र रमला पोखरामा स्कुलदेखिको साथी अनि काठमाडौं आएर दुवैले सँगै मेनेजमेन्ट पढेका थिए । बैंकको जागिर खादै गर्दा रमला अमेरिकामा एउटा ट्रेनिङ्गमा भाग लिन आएपछि यहीँ कै भइन् र दुई वर्षपछि म पनि थपिएँ । पावनाको हकमा भने उनका श्रीमान प्रद्युम्न यहाँ आएका थिए । अनि यहाँ आएर स्थापित भएपछि पावनालाई बोलाएका थिए । शिकागोबाट चार वर्षअघि यहीँ सरेपछि रमला र पावनाका कारण हामीहरुका बीच आवत जावतले निरन्तरता पाउँदै जान थाल्यो । अझ भनौं एउटा पारीवारिक सम्बन्ध जस्तै भएको थियो ।*

म पनि रमलाले पावनालाई लिन पठाउँदा भावनालाई पनि सँगै ल्याउन पाउने भएकोले तुरन्तै हुन्छ भनि हाल्थेँ । के गर्ने मर्दको मन न हो, मनभित्र एक प्रकारको काउकुती जस्तै हुँदोरहेछ । फेरि पावनालाई लिन जाँदा पावना आफ्नो दुई वर्षको छोरालाई कारसिटमा राखेर पछाडि नै बस्ने गर्थिन् भने भावना अगाडि मसँगै बसेर मीठा मीठा गफ हाक्दै मनोरञ्जन दिदै जाने भएकोले यात्राको बेग्लै मजा आउने गर्थ्यो । त्यसमा पनि भावना मलाई ह्यण्डसम भिनाजु भनेर बोलाउने गरेकोले त्यसको अर्कै मज्जा आउने गर्थ्यो । त्यसैले त रमलाले पावनालाई लिन जानुपर्छ भन्दा भावनालाई पनि सँगै ल्याउन पाइन्छ भनेर अफिसबाट चाडै निस्कने तारतम्य पनि मिलाई छाडेँ । तर आज रमला पनि सँगै जाने र भावना नआउने भनेपछि मनमा खुल्दुली मच्चिन थाल्यो । रमलालाई भावना किन नआउने भनेर सोध्न पनि गए । भावना घरमा आउँदा उनीसँग वाइन पिउँदै गफ्फिनुको मजा पनि बेग्लै हुन्थ्यो । त्यसैले भावनाको सुखद उपस्थितिको कल्पना गर्दै म घर पुगेँ । घर पुगेपछि रमलालाई बाहिरैबाट फोन गरेर बाहिर निस्कन भन्दा रमलाले मलाई नै भित्र आउन भनेपछि मोटर पार्क गरेर म भित्र पसेँ । भित्र पस्नासाथ रमलाले भनेको कुरा सुनेपछि मलाई छानाबाट खसे जस्तो भयो । मुखबाट अचानक 'हैट कस्तो बोर' निस्केको सुनेपछि रमला मलाई हेर्दै, 'के भनेको, के हो बूढा, तिमी पनि मलाई छोड्ने लाइनमा छौ कि क्या हो' भनेर शब्द बाण हान्न थाली । मैले आफूलाई जोगाउँदै, त्यस्तो केही हैन, अचम्म लागेर पो, भनेर रमलालाई शान्त पार्दै हामी पावनाको घरतिर लाग्यौं । बाटोभरी मेरो मन मस्तिस्कमा भावनाको मुहार र रमलाले भर्खर सुनाएको कुराहरु घुमिरहेको थियो । प्रद्युम्न त खतरा रहेछन् जस्तो पनि लाग्यो । तर यो उनको भूल पनि हुन सक्छ । यसरी एउटी महिलाको लागि आफ्नो सुन्दर गृहस्थी कसरी ध्वस्त पार्न सकेका होलान् भन्ने पनि लाग्यो । मलाई भावनामाथि पनि रीस उठिरहेको थियो । विदेशमा आएर दिदीकै शरण पाएर बस्दै आएकी भावना आफ्नै दिदीको गृहस्थीमा आगो लगाएर हात सक्ने कस्तो स्वार्थी । प्रद्युम्नले पनि मौकाको फाइदा उठाएको मात्रै हो कि साँच्चै नै आफ्नो सालीलाई श्रीमतीको दर्जा दिने हो हेर्न बाँकी नै छ । फेरी प्रद्युम्नले भने बमोजिक गर्छ भन्ने के ग्यारेन्टी छ त ? प्रद्युम्नले भावनालाई तिमीसँग बिहे गरेर अमेरिकाको स्टेट्स दिलाउँछु कसरी भन्न सक्या होला । अनि भावनाले एउटा स्टेट्स पाउन आफ्नै दिदीको घर बिगार्न कसरी सकेकी होली । उनीहरु बीच कहिलेदेखि त्यस्तो सम्बन्ध रहदै आएको रहेछ ? मोटरमा यस्तै यस्तै कुरा मनमा खेलिरहेको थियो भने रमला पनि केही सोचिरहेको जस्तै गरी चुप लागेर बसेकी थिइन् । रातो बत्तीमा मोटर रोकिएपछि रमलाले हामी लोग्ने मान्छेको आनिबानिमाथि प्रहार गर्दै शब्दबाण हान्न थालिन्, लोग्ने मान्छेको जात त के भन्ने नि, छि : । अलिकति पनि घर परिवारको नसोच्ने, जहाँ जस्तो पाए पनि इज्जतको ख्यालै नगरी लुत्रुक्क हुने । थुक्क ! मैले उसको अनुहारतिर हेर्न थालेँ, कतै मतिर फर्केर त थुक्क गर्या हैन ? हैन रहेछ । तर यसपटक भने मतिर फर्केर अचानक प्रश्न तेर्स्याई- क्या हो बूढा, भोलि मेरो बैनी कमला आई भने तिमी पनि कतै अमेरिकाको स्टेटस दिलाइदिन्छु भनेर त्यस्तै गर्ने त हैनौं ? कमला मान्ली र ? मुखबाट फ्याट्ट निस्कियो । अनि तुरन्त जिस्केको, जिस्केको है भनेर प्रसङ्ग मोड्न खोजेको मात्र के थिएँ । रमला आफै भन्न थाली - मलाई त केही मतलब छैन बूढा, जहाँ जाऊँ, जोसँग मरे पनि मर । यस्तो थाहा पाउनासाथ म त मरिगए फेरि तिम्रो मुख हेर्दिनँ । थुक्क लोग्ने मान्छे, फेरि सराप्न थाली, तर मैले बीचमा नै रमलाको कुरा काट्दै प्रद्युम्नको वकालात गरेझैं गरी भनेँ- यसमा भावनाको पनि त बराबरी दोष छ नि । प्रद्युम्नले भन्दैमा मान्ने हो त ? भावनालाई अमेरिकामा बस्नु पर्ने, प्रद्युम्नले म सब मिलाई दिन्छु भनेर आफ्नो इच्छा पुरा गर्दै गयो होला अनि भावना पनि आफ्नो स्वार्थ पुरा गर्न दिदीकै अधिकार खोस्दै गएको हैन त ? भावनालाई अमेरिकामा बस्ने स्टेटस् चाहिएको थियो । त्यो स्टेटस घरबाटै पाउने देखपछि उनले यस्तो गरेको हुनुपर्छ जस्तो लाग्यो मलाई । नेपालबाट अमेरिका-क्यानडा आउन बिस-तीस लाख तिरेको सुन्दै आएको थिए । त्यसैले स्टेटस पाउन भावनाले प्रद्युम्नलाई रिझाएको पनि हुन सक्छ । यसमा पुरुष मात्रै हैन महिला पनि दोषी हो । मैले पनि आफु पुरुष भएको देखाउँदै भनिदिएँ । फरक यतिमात्रै हो कि मैले छिः र थुक्कः भन्न सकिनँ । आटै आएन । किनभने अर्काको घरमा सल्केको आगोले बिनासित्तिमा हाम्रो घरलाई पनि समात्न खोज्दै थियो । स्वास्नी मान्छेको बिना कारण गर्ने शंका र लोग्ने मान्छेको परस्त्रीप्रतिको व्यवहार कहिल्यै रोकिँदैन । अमेरिकाको स्टेटस लिन मान्छेहरु जे पनि गर्न तयार हुन्छन् है ! मात्र के भनेको थिएँ रमलाले चुप लागेर मोटर हाँक भनेको सुनेँ ।

अनि आज्ञाकारी भएर मोटर कुदाउँदै पावनाको घर पुग्यौं । भित्र पस्नासाथ पावनाले चारवटा सुटकेस देखाउँदै एउटा सुटकेस बोकेर डिकी खोली दिन आग्रह गरिन् । रमलाले हात र आँखाबाट इशारा गर्दै, उनीहरु खोइ भनेर सोधी । पावनाले मुखैबाट छैनन् भन्दै सुटकेस भुईमा राख्दै रमलालाई अँगालो मारेर रुदै आज बिहानमात्र थाहा पाएँ भन्दै भन्न थाली, 'बिहान बूढा काममा जान्छु भनेर निस्केको थियो । म छोरालाई खुवाइवरी सुताएर भान्सातिर जाँदै थिएँ । तर बूढालाई भावनाको कोठाबाट निस्किँदै गरेको देखेँ । मलाई देख्ना साथ ऊ तुरन्तै भावनाको कोठामा पस्न खोज्दा म पनि जबरजस्ती कोठाभित्र पसेर कराउन थालेँ ।' मैले भावनालाई तुरन्तै घरबाट निस्केर जा भनेर ऊमाथि खनिँदै हात हाल्न पुगेछु । अनि त कहिल्यै हात नउँठाएको प्रद्युम्नले ममाथि हातै चलाएर पिट्न थाल्यो । उसले मलाई चिच्चाएर, त निस्केर गईहाल । अब तेरो र मेरो कुनै सम्बन्ध रहेन । कानूनी रुपमा जे गर्नुपर्छ म गरुला सहुला र तपाई आजैको मितिदेखि छोडेको घोषणा गरेर भावनासँग बिहे गर्ने जानकारी पनि तलाई दिए भनेर मलाई समातेर घिसार्दै कोठाबाट बाहिर निकालेपछि म आफ्नो कोठामा आएँ । त्यसपछि तिमीलाई फोन गरेर बोलाएको हो । पावनाले सुनाएको कुराहरु चलचित्रको दृश्यजस्तै मेरो अघिल्तिर आइरहेको थियो । रमलाले पावनालाई ढाढस दिदै सबै ठिक हुन्छ । यो अमेरिकाको यहाँ रोएर बस्ने हैन । चुप लागेर हिँड, भन्दै हामी पावनाको सुत्केसहरु राख्न थाल्यौं । अनि छोरालाई बोकेर पावना पनि मोटरमा आएर बसी ।

***-नेपाली साहित्य घर डटकम***

कथा — जगन्नाथ पन्त

## महिना दिनको महिमा : आस्था कि विश्वास ?




माघको चिसो रातको आठ बजिसकेको थियो । परिवारमा सबैजनाले खानपिन गरि चुलोचौको गर्दा सधैँजसो समयले आठ बजाउथ्यो । अगेना खनिउंको भउरोले धपक्क थियो । अगेनाको बृत्तमा सबैजनाले आगो ताप्ने र हजुरबाले स्वस्थानी कथा भन्ने क्रम नियमित थियो । परिवारमा कसैले पनि ब्रत लिएका त होइनन् तर पनि कथा भन्ने र सुन्ने चलन थियो । ३१ अध्याय सत्र दिनमै सकिएको थियो । अनि फेरि दोहोऱ्याई पढिदै थियो । पुस्तकको रातो गाता माथिको तुना फुकाउनै लाग्दा अहिले सम्म सुनेका विषयमा मेरा जिज्ञासा छन् हजुरबा १ आज प्रष्ट पारिदिनुस् भनेर नातिनीले रोकिन । भनन त के कुरा हुन हजुरबाले सहजै अनुमति दिनु भो । नातिनी भन्न लागिन कि कथा भन्न पहिले पढिने स्तुतिमा देव या नी ईश्वरको त्यत्रो महिमा छ । स्वयं ब्रह्मा, वरुण, ईन्द्रहरुले स्तुति गर्ने, वेदका समस्त मन्त्रहरुले महत्व गुनगान गर्ने, ध्यानमा मग्न भएका माहा योगिले मात्र मनले अनुभूति गर्न वा देख्न सक्ने अरु देवता, असुरले छिउटुप्पो थाहा पाउन नसक्ने भनिएका भगवानको स्तुतिसंग मेल नखाने गरि स्वस्थानी कथा भित्र मनगणन्ते कथा किन बनाएका ? परब्रह्म गुणातीत परमात्माको इच्छा स्फुरण हुना साथ त्यहि इच्छाले प्रेरित गुणले ब्रह्मा, बिष्णु र शिव अनि माया यानि प्रकृतिको उत्पत्ति र ब्रह्माले अनेक जीवहरु उत्पत्ति गरे भन्ने छ । तर त्यस्ता परब्रह्मको कथा भित्र किन कुनै चर्चा छैन ? पार्बती र महादेवको विवाह नहुँदै त्रिपुरका असुरसंगको लडाइमा गणेश कहाँबाट आए ? आफ्नै कानेगुजीसंग हार्ने बिष्णु, अर्काकी पत्निलाई व्यभिचार गर्ने बिष्णु, जथाभावी वरदान दिने ब्रह्मा, अप्सरा नामका परस्त्री भोग गर्ने देवताहरु, महादेवले अग्नीलाई बिर्य खा भन्ने, आगो ताप्दैमा ऋषी पत्निहरु गर्भवती हुने, गंगामा ओकलेर षडमुख कुमार जन्मने, पार्बतीका जीउका मयलले गणेश जन्मने, जनावरको टाउको काटिएको जीउमा जोडिने, सात वर्षकी नावालिकालाई विहे गर्ने रे ? शिवजीको लिंगले संसार ढाक्यो रे ? यस्ता कथा सुनेर ब्रत गरेर अहिलेका जुगमा कसलाई धर्म होला ? नातिनीका यस्ता प्रश्न सुन्दा बुहारिहरु अगेनामा हात सेक्न छोडेर लाजले मजेत्राले मुख छोपे ।

हजुरबाका साईला छोराले हेर हेर ! यसलाई बैशलागेको ? छाडा सोध्ने ? छोरीलाई झपारे । अनि अरु सबै केटाटीहरु एकै स्वरले भने अः छाडा कुरा भए हजुरहरु वर्षौंदेखि यस्ता कथा किन पढेको ? भगवान र देवताको चरित्र, मानमर्दन हुने कथा र त्यस्तो ब्रत किन मानेको ? हरे यि सबै केटाटी बहुलाउन थाले हो ! स्वस्थानी कथाको प्रसाद फाल्दा चन्द्रावतीले कति दुख पाइन,तिमीहरु पनि दुखपाउला नि स्वस्थानी कथाको अपहेलना गर्ने ठूलाबाले ठूलै स्वरले झपारे । केटाटीहरु निरास भएको देखेर हजुआमा भन्नु हुन्छ ठिकै त सोधेका छन नि भुराभुरीले । यिनिहरुको प्रश्नको उत्तर आउन्न भने आउन्न भनओ, नत्र नझपारओ विनासित्ति । हजुरआमाको साथ पाए पछि नातिनीले थपिन हाम्ले पढ्ने स्वास्थ्य तथा शारिरीक पुस्तकमा त मान्छे जन्मिने प्रकृया अर्कै बताछ । प्रजनन स्वास्थ्यले अर्कै भन्छ । विज्ञान विषयमा चन्द्रमा भन्दा सूर्य हजारौ गुणा ठुलो भन्छ ।रथको पाङ्गो एउटा सूर्य रे अर्को चन्द्रमा रे ? एकातिर टिपरको टायर अर्को तिर स्कुटिको टायर, कसरी गुड्छ ? हजुरबा हजुरले श्रीकृष्ण परब्रह्म, परमात्मा भगवान हुन भन्नुन्थो त, यस कथामा त सतिदेवीको अंग पतनभा ठाउँमा कृष्णले तपस्या गरे र संसारका स्त्रीहरु मसंग मोहित हुन भनेर वरदान मागे भनेर उढाछ त । संह्वासुर नामक राक्षसले १६१०० कन्यालाई अपहरण गरेर बोको हरामले जस्तै बन्धक बनाथ्यो, श्रीकृष्णका छोरा प्रधुम्नले राक्षसलाई मारेर कन्याहरुलाई मुक्त बनाए, अनि राक्षसले लगेर जुठिएका भनेर समाजले हेला गर्दा श्रीकृष्णले वाध्य भएर सबैलाई पत्नीको दर्जा दिएका भन्नुन्थ्यो त । नातिनी र अरु केटाटीहरुका प्रश्नको जवाफ निदिइ हजुरबा सुत्न जान पाएनन् । हजुरआमाको साथ भुराभुरीलाई थियो । स्त्रीहरुलाई कथामा हेपेको, दुखदेको हजुरआमालाई नि खसखस रच । अनि हजुरबा अगाडि भन्नुन्च । प्रश्न सोधेकोमा तिमउरलाई धन्यवाद । मैले पो धेरै र खास कुरो के जान्या छु र । जाने जति भन्चु, ठिक वेठिक आफै बुझे । स्वस्थानी कथा भन्नु पहिले र अन्त्यमा भन्ने स्तुतिको अर्थ बुझेमा र मनन गरेमा हीत नै हुन्छ । परब्रह्म, परमात्मा भगवानका स्वअंश शिव, बिष्णु र ब्रह्मा हुन् । उनिहरु भगवान जत्तिकै स्तुत्य छन् । प्रकृति अर्थात मायाले भगवानका विभिन्न अंशी मानिस लगायतका चराचर जीबलाई लोभ, मोह, ईर्षा, सत्व, राजस, तमो गुणमा जेलेर राखेको छ । भगवानको सदा स्मरण गरेमा भगवत दर्शन पाइ जन्म मरणवाट मोक्ष हुन्छ । अरु ब्रत तिर्थ भनेका धन, संपत्ति, पद प्रतिष्ठाका लागि हुन् । यी मृत्यु पछि समाप्त हुन्छन् । कतिको त जिउदै सकिन्छ । ध्यान छोडेर धनका पछि लाग्न मायाले उक्साइ रहन्छ । धन त मर्नासाथ निर्धन हुन्छ । कतिले धनका लागि अरुलाई दुख, पीडा दिन्छन्, अरुको जीवन नर्क बनाएर ठगेर धन कमाउनेले पापको भारी बोक्छन । तीर्थ, ब्रत गरेर धन, पद, रवाफ पाउनमै मान्छे रमाउछ । अति पुण्य गरेछ भने पाउने स्वर्ग हो रे । स्वर्ग जाने देवता बन्छ रे । पुण्यको फल सकिएपछि देवताहरु पनि फेरि चौरासी जुनिको चक्कर काटेर मात्र मान्छेको जुनि पाउछन रे । मान्छेले मात्र भगवानको भजन, कृतन र स्मरण गरेर जन्म मरणवाट मोक्ष हुन सक्छ । वेद, श्रीमद्भागवत, गीताले त्यही भन्छ । कुरान, वाइवलले पनि त्यहि भन्छ । सनातन धर्मलाई हिन्दूले विगारेर हेर त कृष्ण, राम, शिब, बिष्णु बनेर नाटक गर्छन, सिरिएर बनाउँछन् ।अनि हामी त्यही पात्रमा भगवानको स्वरुप स्मरण गर्दछौ । जीवनमा राम्रो आचरण भएका फिल्ममा खलनायक र नराम्रो आचरण भएका पनि नायकको भूमिकामा हुन्छन नि । तर साच्चिकै ठान्छौ र त्यस्तै चित्रण मनमा राख्छौ । धार्मिक देखिन गरिने आडम्वरले पाउने अन्ततस् दुख नै हो । कर्मले हो फल पाउने । भगवानको भूमिका गर्न त नडराउने मान्छेले कथा कस्ता कस्ता बनाउँछ । भगवानको पनि वदनाम गर्छ । स्कन्द पुराणमा भएका श्लोकलाई बिगारेर श्लोकहरु मिलावटि वनाका छन् रे । स्वस्थानी कथालाई स्कन्द पुराणको खण्ड भनेता पनि मिलावटि गरेर कथा बनाउँदा अपत्यरिलो हुन गएको हो ।अझ यो कथा त महात्म्य हो । मूल कथाको महत्व सारलाई महात्म्य भनिन्छ । यो महात्म्यले त भगवान र देवतालाई पनि सिल्ली काम गर्ने देखाएर खिल्ली उढाए जस्तो बनाइएको छ भनेर भन्ने आट म मा पनि छैन । प्रा.डा. रामचन्द्रज्यूले स्वस्थानी प्रामाणिक पुराण होइन भन्नु भएको सुनेको थिए । भेदभाव गर्छ, उच नीचका कुरा छन स्कन्द पुराणमा भन्ने अपभ्रशं पनि छ । यस बारेमा छुट्टै बताम्ला । आगामी कथामा ।

हामीले अहिले पढ्ने स्वस्थानीमा साली नदी, मृगस्थली, गुह्यश्वरी, कैलाश र अनेकौ पिठ नेपालमा उत्पत्ति भाको भनिएकाले पनि हो कि हाम्ले कथा पढ्ने, ब्रत गर्ने गरेको । मनुष्य जुनी पाउनु, त्यसमा पनि नेपाल जस्तो ऋषीमुनिको तपोभूमि, कैलाश, आर्यवर्तको शिर नेपाल जहाबाट सृष्टिको अभ्युदय भयो यस्तो देशका हामी सुखी, खुसी र आनन्दित हुनु पर्नेमा म्लेच्छ जस्ता भयौ । बिक्रम संवत् १४०६ संवत मानसरोवर नेपालकै थियो, सिंजा राज्य जुम्लाकै भाग थियो । वि.सं. १४०७ मा भोटले कव्जा गर्यो, चीन बनेपछि फर्काउने कोशिस नि भएन । पृथ्वी नारायणले नेपाल त्यसै एकीकरण गरेका हुन र ! सत्ययुग देखिनै नेपाल थियो । अहिलेको कलियुग २८औं चरणको हो रे । यसपूर्व २७ चरणका सत्य, त्रेता, द्वापर र कलि बिते, कैयौ महाप्रलय, सृष्टि भए भन्ने छ । हिमवतखण्ड पुराणमा एउटा शलोक छ । कीर्ते सत्यवती यये त्रेता तपोवती द्वापरे मुत्तिसोपान कलौ नेपालीकापुरी । महाप्रलयमा नेपालमात्र रहन्छ र नयां सृष्टिको थालनी नेपालबाट हुन्छ भन्ने छ । यो विषय मैले डा. जगमान गुरुङ्ज्युले भनेको सुनेको हुँ । नेपालमा जन्मेर ध्यानी बन्नु पर्ने हो । आध्यान्तिक वन्नु पर्ने हो । जगत प्रतिध्वनि मात्र हो । मरेर जादा छोडेर जाने, मर्ना साथ अर्थात निधन हुनासाथ निर्धन हुने विषय जोड्न ब्रत, तीर्थ गर्नै पर्दैन, यो जंजाल र जंजिर स्वत छ जगतमा । कमिलाले जम्मा गरेको अन्न, माहुरिले जम्मा गरको मह के त्यसले भोग गर्न पाउछ र ? मान्छेले पनि आफुलाई चाहिने भन्दा बढी सन्तानका लागि जम्मा गर्ने सोचले दुख पाउछ । जतिसुकै प्रिय नाताका भएपनि निस्वार्थले कसले पो आफ्नो भन्छ र । जीवित छदा मनले भगवानको ध्यान नगर्ने, भौतिक वस्तु जम्मा गरेर भौतिक शरिरका इन्द्रियले गर्ने पूजा पाठ, तीर्थ ब्रत गर्नेले वढीमा पाउने भौतिकता मात्र हो । जिवित छदा आफैले मोक्षको मार्ग अवलम्वन नगर्ने, अर्थ नबुझि पाठ गर्ने, देखावटी धार्मिक हुने मन सदा मोहमा लगाउने मरेपछि सन्तानले तार्छन भन्नु भ्रम हो । अविनासी आत्मा शरीरमा रहदै मुखले, हातले, चक्क्षुले होइन, भौतिक सामाग्रीले होइन मनले केवल मनले गर्ने पूजा पाठ, तीर्थ ब्रतले मात्र लाभ मिल्छ, मोक्ष मिल्छ । रवाफका लागि गर्ने यज्ञ, सप्ताह, तीर्थ ब्रत, कथा श्रवणको भगवत क्षेत्रमा कुनै गणना छैन । माघमहात्मे केदारखण्डे हाम्ले पढ्ने र सुन्ने पनि यस्तै हो । राम्रा विषय ग्रहण गर्ने, चित्तले नपचाउने मनन नगर्ने गर नानी हो । नमरि कसैले स्वर्ग र नर्क देख्दैन । मरेर गएकाले स्वर्ग वा नर्क भोगे भनेर पनि सुनाउदैन । स्वर्ग र नर्क सत्कर्म र कुकर्म हुन् ।

ब्रत बसेर, कठोर नियम पालना गरेर एक महिनासम्म गरिने कार्यले मानिसलाई सात्विकी हुन प्रेरित गर्छ । हाम्रो संस्कृति भै सकेको चलन वा मान्यताको विरोध गर्नु पनि त भएन । हामीले आफुले अनुभूति गर्ने विषय हुन । अरुले जे लेखे, सुनाए, सिकाए त्यही सिक्दै आछमनि ।अघिल्ला पिढी, पण्डित, पुरेतले जे भने त्यही पत्याउने तर आफ्नो ज्ञानले, अन्तस्करणले जानेका विषया परख गर्न डराएर हो । भगवानका सवारी अर्थात यात्राका साधन, साढे, मुसो, गरुड, मयुर जे भनेनी पत्याउने भयौ । साच्चिकै भा फेरी साढे छाडा छोड्ने, मयुरलाई चिडियाखानामा थुन्ने, मुसो देखोकि मार्ने, विख हाल्ने, मुसेरी थाप्थिम र । हाम्रो आस्थामा विरोधाभास छ । घरमा पालेको विरालोले श्राद्ध गर्दा नछोस भनेर बाजेले विरालो बाधेछन, बाउले पनि बाधेको देखेको नातीले घरमा विराले नभा नि खोजेर खावामा बाधेर श्राद्ध गरे जस्तै कथा पनि बिगारिएका हुन् कि । पहिले कुनै कार्य गर्दा अपनाएको उपाए वैज्ञानिक हुन सक्छ । तर पछि गर्दै जादा नक्कल मात्र पनि हुन सक्छ । जस्तो कि एक पटक हनुमानलाई सीताले भोजन गर्न डाक्नु भएछ रे । भए जति पकवान, फलफूल, मिष्ठान्न खाएर सक्दा पनि हनुमानले अघाइन भनेर खाना दिनुस भनिरहेछन । उता सबै सकियो । अनि रामले तुलसीको पात खाऊ भनेर दिएपछि हनुमान अघाएछन । त्यही सिको गरेर अहिले पनि प्रसाद लगाउदा तुलसीको पात प्रसादमा राख्छौ । खाना पस्के पछि तुलसीको पात चिमोटेर राख्छौ । तुलसी पत्र लगाएसी पबित्र हुन्छ भन्छौ नि । मूल रुपमा राम्रो होलान, नक्कल गर्दै जादा प्रसंग बिग्रियो । पार्बती स्वयम् ईश्वरी हुन्, महादेव पति पाऊ भनेर ब्रत गर्न परे होला र । केही पाउन मानिसले अठोट गरोस, सिकोस, परिश्रम गरोस, ज्ञान, सीप, दक्षता बढाओस्, भगवानलाई, देवी देवतालाई पनि केहि पाउन संकल्प, मिहेनत गर्नु पर्छ, मान्छेले पनि गरुन भनेर उदाहरण दिइएको हो । यति कुरा गर्दै कुमार अगस्त्य संवादे अथ षड्बिंशोध्याय : त्यस पछि एक दिन नवराजले आफ्नी महतारी गोमा संग भने हे माता ! भन्दै हजुरबा श्रीस्वस्थानी परमेश्वरीको कथा वाचन अगाडि वढाउनु भयो, अरु सबैले ध्यापूर्वक श्रवण गर्न लागे । स्वस्थानी परमेश्वरीकि जय ! उपनयतु मंगलम् ।

# आज स्वस्थानी व्रत समापन हुँदै



**पाल्पा,** फागुन ११/यस वर्षको स्वस्थानी व्रत आज समापन गरिँदैछ । पौष शुक्ल पूर्णिमादेखि शुरू भएर एक महिनासम्म चलेको व्रतको शनिबार विधिवतरूपमा समापन हुन लागेको हो ।

महिनाभरि स्नान गरी मध्याह्न श्रीस्वस्थानीको पूजा गरी एक छाकमात्रै खाना खाएमा मनोकांक्षा पूरा हुने जनविश्वास छ । श्रद्धापूर्वक श्रीस्वस्थानीको व्रत बसी कथा वाचन तथा श्रवण गरेमा दु:ख तथा रोगव्याधि नाश हुने एवं मनले चिताएको पुग्ने कुरा पार्वती, गोमा र नवराजजस्ता पात्रका माध्यमबाट देखाइएको छ । पौराणिक कथनअनुसार हिमालय पर्वतकी छोरी पार्वतीले स्वस्थानी व्रत बसी महादेव स्वामी पाएको धार्मिक जनविश्वासका आधारमा यो व्रत बस्ने परम्परा रहिआएको छ । स्कन्द पुराणअन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रुपमा भन्ने र सुन्ने गरिन्छ । आज मध्याह्नकाल पछि विधिपूर्वक पूजा लगाई व्रत समापन गरी रात्रिकालमा जाग्राम बसेर अर्को दिन बिहान फूलपाती नदीमा सेलाएपछि स्वस्थानी व्रत विधिपूर्व समापन हुन्छ । स्वस्थानी व्रतको अवधिभर पशुपति, गौरीघाट, गणेश मन्दिर, शालीनदी तथा सतीदेवीको अंग पतन भएका स्थानमा पूजाआजा गरेमा मोक्ष मिल्ने धार्मिक विश्वासका साथ ती स्थानमा भक्तजनको घुइँचो लागेको थियो । एक महिनासम्म मध्याह्नको समयमा भगवान् शिवसहित स्वस्थानी परमेश्वरीको विधिपूर्वक पूजा-आराधना गरिन्छ । व्रतालुहरूले पूजा-आराधनापछि स्वस्थानीको माहात्म्य वाचन वा श्रवण गर्ने गर्छन् । व्रत अवधिभरि चोखोनितो गरी मध्याह्नकालमा एक पटक मात्र भोजन गर्नुपर्ने शास्त्रीय नियम रहेको छ । विधिपूर्वक व्रत नबस्नेहरूले पनि आ-आफ्नो घरमा बिहान वा बेलुकी स्वस्थानीको कथा वाचन एवं श्रवण गर्दछन् । यसप्रकारले श्रद्धा एवं भक्तिपूर्वक गरिएको स्वस्थानीको व्रत एक महिनापछि अर्थात् माघ शुक्ल पूर्णिमाको दिन समापन गरिन्छ । यस दिन सम्पूर्ण पूजा सामग्रीसहित स्वस्थानी परमेश्वरीलाई चढाउन विशेष वस्तुहरू १०८ को संख्यामा हुने गर्छन् । अक्षता, बेलीपुष्प, सुपारी, जनै, पान, बत्ती, रोटी, एवं मौसमअनुसारका फलफूलहरू सबै एक सय आठका दरले चढाई शिवलिंगसहित ॐकारयुक्त अष्टदलमा श्री स्वस्थानीको विशेष पूजा गरिन्छ । पूजा सकिएपछि जुन कामनाले व्रत गरिएको हो सो कामना पूरा होस् भन्दै अर्घा दिई यस व्रतको समाप्ति गरिन्छ ।


## सूचना ! सूचना !! सूचना !!!

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिई कारोवार गर्नु हुने सम्पूर्ण ऋणीहरुले नियमित रुपमा बुझाउनु पर्ने साँवा र ब्याज संस्थामा बुझाउनु हुन अनुरोध गर्दछौं । यो सूचना प्राप्त भएको मितिले ७ दिन भित्र संस्थामा सम्पर्कको लागि अनुरोध गर्दछौं । अन्यथा सस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२०७९४ र ०७-५५२२५४५**

## हार्दिक बधाई तथा शुभकामना







शैक्षिक धरोहर, हाम्रा गौरव पाल्पाको रम्भा गाउँपालिका-३ (साविक पिपलडाँडा गाविस वडा नं. ४ कुवादी) स्थायी निवासी **प्रा.डा. केशरजंग बराल** २०८०/११/१० को मन्त्रिपरिषद्को निर्णयानुसार **त्रिभुवन विश्वविद्यालयको उप-कूलपति**मा नियुक्त हुनुभएकोमा रम्भा गाउँपालिका परिवार सहित सम्पूर्ण पालिकावासी अत्यन्त उत्साहित भएका छौं । उहाँको कार्यकालमा त्रिभुवन विश्वविद्यालयसँगै देशकै शैक्षिक उन्नयनमा नयाँ उचाई हासिल हुने विश्वास व्यक्त गर्दै **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

| ठाकुर प्रसाद अर्याल | राधाकुमारी श्रेष्ठ | विष्णु प्रसाद भण्डारी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**तथा रम्भा गाउँपालिका पाल्पा परिवार**


खेलकुद समाचार

## अस्ट्रेलियासँग हार्‍यो न्युजिल्यान्ड



**काठमाडौं,** फागुन ११/दोस्रो अन्तर्राष्ट्रिय टी-२० क्रिकेटमा शुक्रबार अस्ट्रेलियाले घरेलु टोली न्युजिल्यान्डलाई ७२ रनले हराएको छ । जितसँगै भ्रमणकारी टोली अस्ट्रेलियाले तीन खेलको शृंखलामा २-० को अग्रता पनि लिएको छ ।

अकल्यान्डमा खेलिएको उक्त खेलमा अस्ट्रेलियाले टस हारी पहिले ब्याटिङ गर्दै १९.५ ओभरमा अलआउट हुनुअघि एक सय ७४ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको न्युजिल्यान्डले भने १७ ओभरमै अलआउट हुनुअघि एक सय दुई रनमात्र बनाउन सक्यो । पहिले ब्याटिङ गरेको अस्ट्रेलियाका लागि ओपनर ट्राभिस हेडले ४५ रनको योगदान गरे । उनले केवल २२ बलमा पाँच छक्का र दुई चौका पनि प्रहार गरे । प्याट कमिन्सले पनि टोलीको खातामा २८ रन थपे । कप्तान मिचेल मार्सले पनि २६ रन बनाएका थिए । अस्ट्रेलियाले अतिरिक्त रुपमा पनि २३ रन पाएको थियो । न्युजिल्यान्डका बलर लोकी फर्गुसन एक्लैले चार विकेट लिएका थिए । उनले ३.२ ओभरमा केवल १२ रन खर्चिएका थिए । एडम मिल्ने, बेन सियर्स र मिचेल सान्टनरले पनि दुई-दुई विकेट हात पारे । जवाफी ब्याटिङ गरेको न्युजिल्यान्डका लागि चौथो नम्बरका ब्याट्सम्यान ग्लेन फिलिप्सले सर्वाधिक ४२ रन बनाएका थिए । उनले ३५ बलमा दुई छक्का र तीन चौका पनि प्रहार गरे । अन्य ब्याट्सम्यानको प्रदर्शन भने सन्तोषजनक रहेन । न्युजिल्यान्डका माथिल्ला तीन ब्याट्सम्यानले दोहोरो अंकमा समेत रन बनाउन सकेनन् । अस्ट्रेलियाका बलर एडम जाम्पाले चार विकेट लिए । उनले चार ओभरमा ३४ रन खर्चिएका थिए । नाथन एलिसले पनि दुई विकेट लिए । जस हेजलउड, प्याट कमिन्स र मिचेल मार्सले पनि एक-एक विकेट हात पारे । न्युजिल्यान्डका अन्तिम ब्याट्सम्यान डेभोन कनवे भने घाइते भएका कारण ब्याटिङ गर्न आएनन् । यी दुई टोलीबिचको तेस्रो टी-२० खेल आगामी आइतबार खेलिने छ । यसअघि खेलिएको पहिलो खेलमा अस्ट्रेलिया ६ विकेटले विजयी भएको थियो ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


कर्पोरेट/अर्थ समाचार

## टेलिकम र एनसेलले सरकारलाई बुझाए ३ अर्ब रोयल्टी

**पाल्पा,** फागुन ११/नेपाल टेलिकम र एनसेलले झण्डै ३ अर्ब रोयल्टी सरकारलाई बुझाएका छन् । उनीहरुले गत आर्थिक वर्षमा उक्त रकम बराबरको रोयल्टी बुझाएका हुन् ।

टेलिकमले रोयल्टी वापत १ अर्ब ४३ करोड रुपैयाँ र एनसेलले १ अर्ब ४७ करोड रुपैयाँ बुझाएका छन् । टेलिकमको तुलनामा एनसेलले रोयल्टी वापत सरकारलाई ४ करोड रुपैयाँ बढी बुझाएको छ । प्राधिकरणको कानुनी व्यवस्था बमोजिम दूरसञ्चार सेवा प्रदायकले प्रत्येक वर्षको कूल आम्दानीको चार प्रतिशत रोयल्टी र दुई प्रतिशत ग्रामीण दूरसञ्चार कोष (आरटीडीएफ) राज्यलाई बुझाउनु पर्ने प्रावधान छ । यसै व्यवस्था बमोजिम रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोष (आरटीडीएफ) मा योगदान दिने दूरसञ्चार कम्पनीमा एनसेल सबैभन्दा अगाडि रहेको छ । कम्पनीले ग्रामिण दूरसञ्चार कोषमा ७३ करोड ७५ लाख दाखिला गरेको छ । रोयल्टी र आरटीडीएफ गरी राज्यलाई कूल दुई अर्ब २० करोड ५७ लाख बुझाएको छ । कम्पनीले आर्थिक वर्ष २०७८/७९ मा सरकारलाई बुझाएको रोयल्टी एक अर्ब ५८ करोड रुपैयाँ रहेको थियो भने आरटीडीएफ ७९ करोड एक लाख रुपैयाँ बुझाएको थियो । यता टेलिकमले भने गत आर्थिक वर्ष २०७९/८० मा रोयल्टी एक अर्ब ४३ करोड रुपैयाँ र आरटीडीएफ बापत ७१ करोड ९३ लाख ५३ हजार रुपैयाँ बुझाएको छ । पुस मसान्तसम्ममा ३१ ओटा कम्पनीले मात्रै गत आर्थिक वर्ष २०७९/८० को रोयल्टी र आरटीडीएफ बुझाएका छन् । यस्तो शुल्क बुझाउनेमा नेपाल टेलिकम, एनसेल, वर्ल्डलिंक, सुबिसु लगायतका छन् । यी सबै कम्पनीहरूले कूल चार अर्ब ८२ करोड १८ लाख रुपैयाँ तिरेका छन् ।


मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/११/१०**

यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/११/१० गतेको निर्णय एवम् शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको मिति २०८०/११/१० अनुमतिअनुसार यस श्री राम माध्यमिक विद्यालय बगनासकाली-४ राम्दी, पाल्पामा रिक्त रहेको **माध्यमिक तह (कक्षा ११,१२) अङ्ग्रेजी विषय**को अनुदान शिक्षकको रूपमा उक्त विषय शिक्षण गर्नका लागि खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न विज्ञापन गरिएकाले इच्छुक योग्य नेपाली नागरिकहरुबाट रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

**तपशिल :**
**विज्ञापन नं.** : ०१/२०८०/०८१, **तह** : माध्यमिक (कक्षा ११, १२), **पद** : शिक्षक
**पद संख्या** : १ जना, **किसिम** : अनुदान (करार), **विषय** : अङ्ग्रेजी
**शैक्षिक योग्यता** : एम.एड. वा सो सरह
**उमेर** : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारले तोकेबमोजिम, **दरखास्त दस्तुर** : रु.१,५००/-
**दरखास्त दिने अन्तिम मिति** : २०८०/११/२४ गते बिहीबार कार्यालय समयभित्र
**सम्पर्क मिति** : २०८०/११/२४ गते बिहीबार
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको किसिम** : लिखित र मौखिक (आवश्यकताअनुसार प्रयोगात्मक)
**आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हस्तलिखित निवेदन १/१ प्रति ।
**सम्पर्क नं.** : ९८५७०६२८०६

**श्री राम माध्यमिक विद्यालय**
बगनासकाली-४, मलेङ-राम्दी, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई